नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

पत्र संख्याः ८१/८२

चलानी नं.: ८१

**विषयः आ.व. ०८१/८२ मा सञ्चालन हुने तालिम कार्यक्रमहरुको जानकारी सम्बन्धमा।**

**वेवसाइटमा सूचना प्रकाशित मितिः- २०८१/०४/१६**

उपरोक्त सम्बन्धमा यस केन्द्रले आ.व २०८१/८२ मा तपशिल बमोजिमका तालिमहरू सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा उल्लिखित कार्यक्रममा सहभागी हुन ईच्छुक सम्बन्धित प्रदेश सहकारी हेर्ने मन्त्रालय/प्रदेश रजिष्ट्रार कार्यालय/प्रदेश सहकारी प्रशिक्षालय/स्थानीय तहको सहकारी शाखामा कार्यरत कर्मचारीहरु तथा सहकारी संघ संस्थाहरुले यस केन्द्रको वेभसाइट www.ctrc.gov.np मा गई online training मा click गरी माग गरिएका विवरण तथा आवश्यक कागजातहरु संलग्न गरी मिति २०८१/०५/०९ गते भित्र अपलोड गर्नु हुन यस केन्द्रको मिति २०८१/०४/१५ को निर्णयानुसार अनुरोध छ।

साथै संलग्न ढाँचा बमोजिम विवरण यस केन्द्रको ईमेल ठेगाना info@ctrc.gov.np मा समेत पठाइदिनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

*यस केन्द्रले निर्धारण गरेको सहभागी छनौट मापदण्ड तथा प्राथमिकताका अनुरूप प्रशिक्षार्थीहरूलाई तालिममा सहभागी गराइने व्यहोरा समेत अनुरोध छ।*

**१) सहभागी मनोनयन ढाँचाः**

| क्र. स. | सहभागीको नाम थर | पद | कार्यरत निकाय/संघ/ संस्थाको नाम र ठेगाना | सहभागीको मोवाइल नम्बर | सहभागीको ईमेल ठेगाना (E-mail Address) | सम्वन्धित निकाय/संघ/ संस्था/प्रमूखको नाम, सम्पर्क मोवाइल नं र इमेल | सहभागी हुन ईच्छुक तालिम कार्यक्रमको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**<u>(२) तालिममा सहभागी अनलाईन फारममा भर्न आवश्यक पर्ने कागजात</u>:-**

तालिममा सहभागी हुन अनलाइन आवेदन गर्नुपर्नेछ। यसका लागि www.ctrc.gov.np मा गई online training मा click गरी माग गरिएका विवरण भरी देहायका कागजातहरु अपलोड गरी पेश गर्नुपर्नेछ।

(१) सहभागीको २ प्रति पासपोर्ट साइजको फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(२) सहभागीको नाम, पद, सम्पर्क मोबाइल नं. र ईमेल ठेगाना समेत खुलाईएको सम्बन्धित स्थानीय तहको मनोनयनपत्र।

प्राचार्य

नयाँ बानेश्वर, काठमाडौं, फोनः ०१-४११५६७८, ४४७०१०३, फ्याक्सः ०१-४११५६२१

Email: cctcktm@gmail.com, Website: www.ctrc.gov.np

(३) आ.व २०८१/०८२ मा यस केन्द्रबाट संचालन हुने तालिमहरुको वार्षिक तालिम कार्ययोजनाः

| क्र.स. | तालिमको विवरण | लक्षित प्रशिक्षार्थी | परिमाण | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | श्रवण | भाद्र | अश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | वैशाख | जेठ | असार |
| १ | प्रशिक्षक तथा कर्मचारीहरूलाई COPOMIS सम्वन्धी TOT तालिम (४ दिने) | सहकारी नियामक निकायका सहकारी शाखाका कर्मचारीहरु | २ | | | | | | | | | | | | |
| २ | सहकारी प्रशिक्षक प्रशिक्षण तथा पूनर्ताजगी तालिम (संघ/प्रदेश /स्थानीयस्तर) (१० दिने) | सहकारी नियामक निकायका सहकारी शाखाका कर्मचारीहरु | ७ | | | | | | | | | | | | |
| ३ | सहकारी संघसंस्थाका पदाधिकारीको लागि प्रशिक्षक प्रशिक्षण (१५ दिने) | सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरु | ३ | | | | | | | | | | | | |
| ४ | आधारभूत सहकारी तालिम (४ दिने) | प्रारम्भिक सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरु | ४ | | | | | | | | | | | | |
| ५ | सहकारी लेखा, वित्तीय व्यवस्थापन सम्बन्धि तालिम (१० दिने) | सहकारी संघ संस्थाका लेखा सुपरीवेक्षण समितिका पदाधिकारी तथा संस्थाको लेखा हेर्ने कर्मचारी | २ | | | | | | | | | | | | |
| ६ | सहकारी व्यवसाय प्रवर्द्धन तालिम (७दिने) | उत्पादनमुलक सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरु | ४ | | | | | | | | | | | | |
| ७ | सहकारी संघसंस्थाका पदाधिकारीको लागि नेतृत्व तथा संस्थागत विकास तालिम (१५ दिने) | सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरु | ३ | | | | | | | | | | | | |

प्राचार्य

## (४) सहभागीहरुले पालना गर्नुपर्ने आचार संहिता

(१) केन्द्रले निर्धारण गरेको मिति तथा समयमा तालिम संचालन हुनेछ।

(२) तालिममा सहभागी हुने कर्मचारीले तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नु पर्नेछ।

(३) तालिमको अवधिभर कर्मचारीको हकमा तोकिएको पोशाक/अन्यको हकमा औपचारिक पोशाकमा रहनुपर्नेछ।

(४) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकार प्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु गराउनु हुँदैन।

(५) यस केन्द्रवाट गत दुई आर्थिक वर्षमा संचालित तालिममा सहभागी भएका व्यक्ति तथा सहकारी संघसंस्थाबाट यस आ.व.मा माथि उल्लिखित कुनै पनि तालिममा सहभागी हुन पाइनेछैन।

(६) आचार संहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ।

२०७९/४/१६

प्राचार्य